# शंखरापुर नगरपालिका

## न्यायिक समिति

आ.व. ०७८/०७९ दर्ता विवाद

| क.स. | विवादहरु | दर्ता भएका संख्या | फरफारक भएका संख्या | बाँकी संख्या |
|---|---|---|---|---|
| १ | घर जग्गा सम्बन्धी विवाद | ३५ | १६ | १९ |
| २ | बाटो सम्बन्धी विवाद | ३ | १ | २ |
| ३ | लेनदेन | ३ | २ | १ |
| ४ | हिंसा | २ | - | २ |
| ५ | अन्य विवाद | १९ | ९ | ८ |
| | जम्मा | ६० | २८ | ३२ |

**न्यायिक समितिबाट संचालित कियाकलापहरु**

- नियमित हप्ताको दुई दिन इजलास संचालन
- विवाद दर्ता
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कानुनी साक्षरता कार्यक्रम संचालन
- अगुवा महिला कानुनी साक्षरता कार्यकम
- मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारी अध्यान अवलोकन भ्रमण

**उपलब्धिहरु**

- नियमित रुपमा हप्ताको दुई दिन मंगलबार र शुक्रबार इजलास संचालन रहेको छ। जसले गर्दा विवाद समाधानमा सहजता भएको छ।
- २०७८ श्रावण देखि २०७९असार सम्ममा जम्मा दर्ता विवाद ६० वटा, २८ वटा फरफारक ३२ वटा बाँकी रहेको छ
- स-साना विवादलाई लिएर अदालत सम्म जानु नपर्ने भएकाले विशेषत महिला, बालबालिकार जेष्ठ नागरिकहरुको न्यायिक क्षेत्रमा पहुँचमा वृद्धि भएको छ।
- पिडित पक्षले निःशुल्क र छिटो छरितो सेवा प्राप्त गरेका छन्।
- अनियमित वा निर्माण मापदण्ड विपरित बन्ने घरहरु कम भएका छन्।
- न्यायिक समितिले कार्य सम्पादनका सिलशिलामा आफ्नो कामलाई थप सेवा पुऱ्याउने हेतुले विभिन्न स्थानीय तहका न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण गरियो। जसले गर्दा हाल न्यायिक सम्पादनमा सहज भएको छ।
- निर्वाचत जनप्रतिनिधि र कर्मचारी, अगुवा महिलाहरुलाई कानुनी साक्षरता कार्यक्रम संचालन गरियो। जसले गर्दा न्यायिक समितिमा विवाद दर्ता संख्या बढेको छ।

## न्यायिक समितिका चुनौतिहरु

- अधिकार क्षेत्र भन्दा बाहिरको विवाद दर्ना गर्नु पर्ने अवस्था सिर्जना हुनु,
- विवादित पक्षले निवेदन दर्ता गरे पछि तोकिएको तारेखमा उपस्थित नभई वादीले नै तारेख गुजार्नु,
- प्रतिवादीले प्रतिउत्तर पेश नगरी मौखिक रुपमा नै गुनासो पोख्ने ,
- समयमै म्याद पठाउन नसकिनु,
- पक्षहरुका बिच छलफल गराउने छुट्टै मेलमिला कक्षको व्यवस्था गर्नु
- मुद्दा फाँट र अभिलेख फाँट छुटै व्यवस्था नहुनु ,
- मनोविज्ञ र कानुनी परामर्शको लागि विशेषज्ञ तथा पुर्वाधार व्यवस्था नहुनु।

## समाधानका उपायहरु

- कानुनले तोकेको क्षेत्राधिकार भन्दा बाहिरका विवादहरु दर्ता नगरी सम्बन्धित निकायमा नै उजुरी गर्न सम्बन्धित पक्षलाई जानकारी दिने,
- तामेलदारको छुटै व्यवस्था गर्ने,
- मुद्दा फाँट र अभिलेख फाँटको लागि छुटै व्यवस्था गर्ने,
- मेलमिलाप कक्षको व्यवस्था गर्ने